भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) अनुसार प्रकाशित

२०८२ कार्तिक १ गते देखि २०८२ पौष मसान्तसम्मको विवरण समावेश गरिएको

# जानकारीमूलक पुस्तिका

प्रकाशन मितिः २०८२ माघ २० गते

प्रकाशकः

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन

फोन नं. ०५६५१०१६७, ०५६५११४६७, ०५६५१५७७१

फ्याक्स नं. ०५६५१५७७१

टोल फ्री नं. १६६०५६५२२२२

वेवसाईटः www.bharatpurmun.gov.np

ईमेलः bmc@ntc.net.np, info@bharatpurmun.gov.np

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को परिच्छेद २ अनुसार जानकारी गराउनुपर्ने विवरण

१. निकायको स्वरुप र प्रकृति

परिचय

- प्रदेश : बागमती प्रदेश
- जिल्ला: चितवन
- स्थापना मिति: २०३५ साल
- क्षेत्रफल: ४३२.९५ बर्ग कि.मी.
- वडा संख्या: २९
- दीर्घकालिन सोच: "मध्य नेपालको सुन्दर शहर, समृद्ध र सु संस्कृत भरतपुर महानगर"
- परिवार संख्या: ९६५९१ जनसंख्या: ३६९२६८ महिला:१९०३७१ पुरुष:१७८८९७ साक्षरता प्रतिशत: ८७.२० (जनगणना २०७८ बमोजिम)
- कार्यरत कर्मचारी संख्या: ८३४
- औसत तापक्रम: न्यूनतम १० डिग्री सेल्सीयस. देखि अधिकतम ४२ डिग्री सेल्सीयस सम्म
- विद्यालय: आधारभूत विद्यालय ७९, मा. वि. १३०

२. निकायको काम, कर्तव्य र अधिकार

- नगर प्रहरी व्यवस्थापन
- सहकारी संस्था व्यवस्थापन
- एफ. एम. संचालन
- स्थानीय कर, सेवा शुल्क तथा दस्तुर
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्यांक र अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना तथा परियोजना
- आधारभूत र माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य र सरसफाई
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ
- गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- स्थानीय अभिलेख व्यवस्थापन
- जग्गा धनी दर्ता प्रमाण पूर्जा वितरण
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य सहकारी
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
- बेरोजगारको तथ्याङ्क सङ्कलन
- कृषि प्रसारको व्यवस्थापन, सचांलन र नियन्त्रण
- खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा
- विपद् व्यवस्थापन
- जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

भरतपुर महानगरपालिकाको स्वीकृत दरबन्दी जम्मा ४४२ रहेकोमा हाल ८३४ जना कार्यरत रहेका छन् ।

४. निकायबाट प्रदान गरिने सेवा, सम्बन्धित शाखा, जिम्मेवार अधिकारी लाग्ने दस्तुर र अवधि

| क्र.स. | सेवाको किसिम | जिम्मेवार अधिकारी | लाग्ने समय | लाग्ने दस्तुर |
|---|---|---|---|---|
| १ | घर जग्गा नामसारी | वडा अध्यक्ष | सोहि दिन | २००० |
| २ | मोही लगत कट्टा | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३ | घर कायम सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४ | छात्रवृत्ति सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ५ | बिपन्न बिद्यार्थी छात्रवृत्ति सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ६ | अपांङ्गता भएका व्यक्तीको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ७ | अस्थायी बसोबास सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ८ | स्थायी बसोबास सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ९ | नागरिकता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| | नागरिकता प्रतिलिपी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १० | अंगिकृत नागरिकता सिफारिस | वडा अध्यक्ष | सर्जमिन सहित ३ दिन | १५०० |
| | अंगिकृत नागरिकता प्रतिलिपी सिफारिस | वडा अध्यक्ष | | १००० |
| ११ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १२ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| १३ | विद्युत जडान सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० (व्यवसायिक प्रयोजन १०००) |

| | | | | |
|---|---|---|---|---|
| १४ | धारा जडान सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १५ | जीवित रहेका सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १६ | दुवै नाम गरेका व्यक्ति एकै हो भन्ने सिफारिस/ फरक जन्म मिति संशोधन सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १७ | जग्गा मूल्यांकन सिफारिस/प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | जग्गा मूल्यांकनको आधारमा |
| १८ | व्यवसाय बन्द सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १९ | व्यवसाय संचालन नभएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २० | ब्यापार व्यवसाय नभएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २१ | कोर्ट फि मिनाहा सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २२ | नाबालक परिचय पत्र सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २३ | चौपाया सम्बन्धी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २४ | व्यवसाय दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २५ | उद्योग ठाउँ सारी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| २६ | विद्यालय ठाउँ सारी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| २७ | आन्तरिक बसाइसराइ सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| २८ | सामुदायिक विद्यालय संचालन, स्वीकृत/कक्षा बृद्धि सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २९ | व्यक्तिगत विवरण सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३० | जग्गा दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३१ | संरक्षक सिफारिस (व्यक्तिगत) | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३२ | संरक्षक सिफारिस (संस्थागत) | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ३४ | जिवितसँगको नाता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३५ | मृतकसँगको नाता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १०० |

| | | | | |
|---|---|---|---|---|
| ३६ | कोठा खोल्न कार्य/रोहवरमा बस्ने कार्य | वडा अध्यक्ष | सोहि दिन | १५०० |
| ३७ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ३८ | अन्य कार्यालयका माग अनुसार विवरण खुलाइ पठाउने कार्य | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३९ | संस्था दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| ४० | घर बाटो प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | २००० |
| ४१ | चार किल्ला प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १६०० |
| ४२ | जन्म मिति प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४३ | बिवाह प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४४ | घर पाताल प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४५ | कागज/मंजुरीनामा प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४६ | हक वाला वा हकदार प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४७ | अबिवाहित प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १००० |
| ४८ | जग्गा रेखांकन कार्य/सो कार्यमा रोहवर | वडा अध्यक्ष | सोहि दिन | |
| ४९ | जग्गाधनी पुर्जा हराएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५० | पुर्जामा घर कायम गर्ने सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५१ | अंग्रेजी सिफारिस तथा प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५२ | मिलापत्र कागज/उजुरी दर्ता | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५३ | सम्पति कर/ घर जग्गा कर | वडा सचिव | सोहि दिन | मुल्यांकनको आधारमा |
| ५४ | बहाल कर व्यापारिक प्रयोजन | वडा सचिव | सोहि दिन | सम्झौताको आधारमा ७ प्रतिसत |
| ५५ | विज्ञापन कर | वडा सचिव | सोहि दिन | महानगरले तोके बमोजिम |
| ५६ | जन्म दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |

| | | | | |
|---|---|---|---|---|
| ५७ | मृत्यु दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ५८ | बसाइसराइ जाने आउने दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ५९ | सम्बन्ध विच्छेद दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ६० | बिवाह दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ६१ | नयाँ व्यवसाय दर्ता | वडा सचिव | सोहि दिन | ब्यबसायको प्रकृति हेरी |
| ६२ | व्यवसाय नवीकरण | वडा सचिव | सोहि दिन | तोकिए बमोजिम |

**५. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

सामान्य निर्णयहरु टिप्पणीको आधारमा महाशाखा प्रमुखबाट, प्रशासकीय निर्णय प्रमुख प्रशासकीय अधिकृतबाट र अन्य निर्णयको हकमा विषयवस्तु हेरी नगर प्रमुख, उप प्रमुख, कार्यपालिका बैठक र नगर सभाबाट गर्ने व्यवस्था रहेको छ ।

**६. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

यस महानगरबाट प्रदान गरिएको सेवामा चित्त नबुझेमा वा समयमा सेवा प्राप्त नभएमा प्रमुख प्रशासकीय अधिकृत श्री बिरेन्द्र देव भारती समक्ष गुनासो गर्न सकिने व्यवस्था रहेको छ ।

**७. २०८२ कार्तिक १ गते देखी पौष मसान्तसम्म महाशाखाहरुबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरु**

मुख्य तथा गौरवका आयोजनाहरू

⇨ <u>गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला</u>

❖ महानगरपालिकाको गौरवको आयोजनाको रुपमा रहेको गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशालाको बाँकी कार्य सम्पन्न गर्ने उद्देश्यले भरतपुर महानगरपालिका, बागमती प्रदेश र संघीय सरकारको संयुक्त आर्थिक लगानीमा निर्माण कार्य तीव्र गतिमा भईरहेकोछ। हालसम्म ४२ प्रतिशत भौतिक प्रगति र रु.३४ करोड ८० लाख खर्च भएको छ।

⇨ <u>महानगरपालिकाको प्रशासकीय भवन</u>

❖ संघीय सरकार, प्रदेश सरकार र भरतपुर महानगरपलिकाको साझेदारीमा महानगरपालिकाको आधुनिक प्रशासकीय भवनको सगुन शर्मा - सगरमाथा जे.भी. सँग मा रु.५३ करोड ३२ लाख रुपैयामा सम्झौता भएकोमा हालसम्म ८५ प्रतिशत भौतिक प्रगति भएको छ। रु.४१ करोड खर्च भई ७७ प्रतिशत वित्तीय प्रगति भएको छ।

⇨ <u>पुङ्खिखोला सौन्दर्यीकरण</u>

- पुङ्खिखोला सौन्दर्यीकरण कार्यको लागि सघन शहरी विकास आयोजना र यस महानगरपालिकाबाट छुट्टा छुट्टै प्याकेजमा खरिद सम्झौता भई अघिल्लो आर्थिक वर्षको निर्माण कार्य सम्पन्न भइसकेको छ जस अन्तर्गत हालसम्म रु १७ करोड ४० लाख खर्च भई दुवैतर्फ २/२ कि.मि. निर्माण सम्पन्न भएको छ साथै चालु आ.व. मा समपूरक साझेदारी अन्तर्गत विनियोजित बजेट रु. ३ करोड ७० लाखको बोलपत्र आव्हान भई सम्झौता प्रक्रिया अन्तिम चरणमा रहेको छ ।

⇨ <u>फाउण्डेसन सहित मेशजाली</u>

- संघीय सरकारको विशेष अनुदानमा वन्यजन्तुका कारण हुने मानवीय तथा कृषि उपजको क्षतिलाई न्यूनीकरण गर्न वडा नं १६,२६,२७ र २८ मा फाउण्डेसन सहितको मेशजाली लगाउने कार्य भइरहेकोमा गत आ.व. २०८१/०८२ को ठेक्का मार्फत ६८०० मि. कार्य सम्पन्न भएको र यस आ.व २०८२/०८३ मा रु १ करोड ४३ लाखको बोलपत्र भई वडा नं १६,१७ र २८ मा थप १५०० मि. निर्माण कार्य प्रारम्भ भएको छ ।

⇨ <u>६ लेन सडक सौन्दर्यीकरण</u>

- ६ लेन सडकका हाकिम चोक, आँपटारी, बाइपास सडक, प्रचन्ड मार्ग लगायत फराकिला सडकहरुमा हरियाली प्रवर्धन र सौन्दर्यीकरणका लागि आवश्यक कार्य भएको छ। यसको लागि मिडियनमा रेलिङ निर्माण र रंगरोगनको कार्य अन्तिम चरणमा पुगेको छ ।सोही सडक खण्ड अन्तर्गत सडक सुरक्षाको लागि नारायणगढको पुल्चोक,लायन्सचोक, चौबिसकोठी, हाकिम चोक, बसपार्क र मालपोत चोक गरी ६ स्थानमा ट्राफिक बत्ती जडान कार्य प्रारम्भ भएको छ ।

⇨ <u>शवदाह गृह</u>

- पवित्र तीर्थस्थल देवघाटधाममा शवको व्यवस्थापनको लागि विद्युतीय शवदाह गृह निर्माणको कार्य सम्पन्न भएपश्चात विधिपूर्वक हस्तातरण भै हालैमात्र सञ्चालनमा आइसकेको छ र सञ्चालनको क्रममा देखिएका व्यवहारिक समस्याहरु महानगरपालिका, शहरी विकास आयोजना र निर्माण व्यवसायीको त्रिपक्षीय समन्वयमा समाधान गर्दै आइएको छ ।

⇨ <u>महानगरीय चक्रपथ</u>

- महानगरीय चक्रपथको निर्माण गर्न बाँकी रहेको खण्डको निर्माण कार्य सघन शहरी तथा भवन निर्माण आयोजना, प्रदेश सरकार र सडक डिभिजन कार्यालयको सहकार्यमा निर्माण कार्य भईआएको मा आ.व. ८१/८२ मा सडक डिभिजन कार्यलयबाट ४ कि.मि निर्माण सम्पन्न भएको छ। साथै महानगरीय रिङ्गरोड अन्तर्गत देवनगर- छिर्तामाई खण्डको कालोपत्रे सम्पन्न हुने चरणमा रहेको छ । भगाहा गेट देखि होटल बाराहीसम्म र न्यूरेचोक कुमालगाउँ खण्डमा ३.५ कि. मी. सडक कालोपत्रे सम्पन्न भएको छ ।

⇨ <u>सिग्नेचर ब्रिज</u>

पुल्चोक-गैंडाकोट नारायणी नदीमा आकर्षक सिग्नेचर ब्रिज निर्माण कार्य हालैमात्र प्रारम्भ भएको छ ।

⇨ <u>CCTV जडान कार्य</u>

➢ शान्त ,सुरक्षित र भयमुक्त भरतपुर महानगर निर्माणको आधारशिलाको रुपमा शहरका प्रमुख ४१८ स्थानमा CCTV जडान गर्ने सम्झौता भएकोमा आपूर्तिकर्ताले सामान आपूर्ति गर्न प्रारम्भ गरेको र Location Marking गर्ने कार्य भेरहेको छ ।

⇨ <u>उज्यालो भरतपुर कार्यक्रम</u>

❖ उज्यालो भरतपुर कार्यक्रम अन्तर्गत नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा महानगरका मुख्य सडक तथा बजार क्षेत्रहरुमा दोश्रो प्याकेज अन्तर्गत स्मार्ट सडक बत्ति, हाई मास्ट एवम् मिनी मास्ट बत्ती जडान र विस्तारको कार्य सम्पन्न भएको छ ।हाल सम्म २०६ किमि सडक बत्ति, महानगरका विभिन्न सडक चोकहरुमा ९१ वटा हाइमास्ट तथा मिनिमाष्ट लाइट जडान भई बत्ती बल्ने कार्य भैसकेको छ ।

**मेयर विपन्न आवास कार्यक्रम**

❖ भरतपुर महानगरपालिकाको मेयर विपन्न आवास कार्यक्रम अन्तर्गत छनौट भएका १३९ घर परिवार मध्ये ७० घर परिवारको लागि आवास निर्माण भईरहेको छ।

डिजिटल घर नम्बर तथा सडक ठेगाना प्रणाली

❖ भरतपुर महानगरपालिकाका घरहरुमा डिजिटल घर नम्बर जडान तथा डिजिटल ठेगाना लागु गर्नका लागि सम्झौताको चरणमा रहेको छ।

⇨ <u>शहरी पूर्वाधार विकास तर्फ</u>

❖ चालु आर्थिक वर्षमा भुक्तानी बाँकी रहेका विभिन्न योजनाहरु अन्तर्गत सडक योजनाहरुको जम्मा १५.०३ कि.मि.कालोपत्रे सम्पन्न भएको छ। महानगरपालिका स्थापना पश्चात ८ वर्षमा कुल १०७२ किमि सडक कालोपत्रे सम्पन्न भएको छ।

❖ वडा नं. १६, २६,२७ र २८ मा मेसजाली लगाउने कार्य निरन्तर चलिरहेको र चालु आ.व. को प्रथम चौमासिक सम्ममा १२९५ मिटर मेसजाली लगाइसकिएको छ ।

❖ मोज्याक टायल योजना अन्तर्गत जम्मा ५०० मि.सम्पन्न भएको छ।

❖ विभिन्न संघसंस्थाहरुको ८ वटा सामुदायिक भवनहरु सम्झौता बमोजिम निर्माण सम्पन्न भएका छन् ।

❖ सडक मर्मत अन्तर्गत विभिन्न वडाहरुमा जम्मा ४.४३ कि.मि. सडक मर्मत कार्य सम्पन्न भएको छ । साथै चालु आ.व. मा नियमित मर्मत संभार अन्तर्गत विभिन्न १५ वटा सडक खण्डको ५.४२K.M. सडकको मर्मतका लागि बोलपत्र आव्हान भैसकेको छ।

❖ ३ वटा भवन तथा शौचालयको मर्मत संभार गरिएको छ ।

❖ वडा नम्बर २१ मा करिब १०० जना दर्शक अट्ने बहुउद्देशीय खेलकुद प्यारापिट निर्माण गरिएको छ ।

❖ आर्थिक वर्ष २०८२।८३ का लागि पहिलो चौमासिक अवधिमा महानगरस्तरीय र संघीय शसर्त योजना अन्तर्गत सडक पूर्वाधारतर्फ विभिन्न वडाहरुमा जम्मा ६२ वटा सडकखण्डको २१.३८९ कि.मि. कालोपत्रेका लागि बोलपत्र आव्हान भई सम्झौताको चरणमा रहेको ।

❖ संघीय र प्रदेश समपूरक र बिशेष योजना अन्तर्गतका योजनाहरु

१. रातापुर आधारभूत विद्यालय भवन निर्माण भरतपुर-२५ मा प्रदेश बिशेष अनुदानबाट प्राप्त रु ६५ लाखबाट बोलपत्र आव्हान भई सम्झौताको चरणमा रहेको ।

२. नारायणी र रापि नदी तटीय क्षेत्रमा मेसजाली लगाउने कार्यका लागि संघीय बिशेष अनुदानबाट रु १ करोड ४३ लाख र भरतपुर महानगरबाट रु ३४ लाख लागत साझेदारी गरी रु १ करोड ७७ लाख लागत अनुमान स्वीकृत भई E-Bidding पश्चात सम्झौताको चरणमा रहेको ।

३. संघीय सरकारबाट हस्तान्तरित समपूरक साझेदारी योजना अन्तर्गत पुङ्गीखोला ड्रेन विस्तार तथा सौन्दर्यकरणमा भरतपुर महानगरको ८० प्रतिशत र संघीय सरकारको २० प्रतिशत हुनेगरी लागत साझेदारी रु. ३ करोड ७० लाखमा E-bidding भएकोमा बोलपत्र मूल्याङ्कनको चरणमा रहेको ।

४. वडा नं २६ को कार्यालय देखि रिङरोड जोड्ने सडक निर्माण अन्तर्गत ४ करोड ४९ लाख लागत अनुमान स्वीकृत भएकोमा भरतपुर महानगरको ८० प्रतिशत र प्रदेश समपूरकबाट २० प्रतिशत लागत साझेदारीमा हाल सम्झौता भई कार्यारम्भ भैसकेको छ।

चौबिसकोठी-मालपोतचोक- भरतपुर अस्पताल हुँदै कृषि ज्ञानकेन्द्र सम्म फुटपाथ सहित ड्रेन निर्माण भरतपुर-१० का लागि प्रदेश समपूरक अनुदानबाट २० प्रतिशत र भरतपुर महानगरबाट ८० प्रतिशत लागत साझेदारीमा रु. ३ करोड लागत अनुमान स्वीकृत भई E-bidding पश्चात बोलपत्र मूल्याङकन भइरहेको छ ।

⇨ <u>शैक्षिक प्रशासन महाशाखा तर्फ</u>

❖ भरतपुर महानगरपालिका प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि, २०७८ मा दोस्रो संशोधन, गरिएको

❖ सबै शिक्षक तथा विद्यालय कर्मचारीहरुको कार्तिक महिनासम्मको पारिश्रमिक निकासा गरिएको छ ।

❖ संघीय र प्रदेश शिक्षण सहयोग अनुदान अन्तरगत माध्यमिक तहमा क्रमश २३ र ७ गरी जम्मा ३० जना र निम्नमाध्यमिक तहमा २ जना शिक्षक व्यवस्थापन गरी सबै माध्यमिक विद्यालयहरूमा अंग्रेजी, गणित र विज्ञान विषयको शिक्षक व्यवस्थापन गरिएको।

❖ दिवा खाजाको लागि सबै सामुदायिक/धार्मिक विद्यालयहरूलाई प्रथम त्रैमासिक अवधिमा विद्यालय सञ्चालन भएको जम्मा ३० दिनको लागि १७ हजार ७ सय ५६ जना विद्यार्थीहरुलाई संघीय अनुदानबाट प्रतिदिन प्रति विद्यार्थी रू २० र महानगरको अनुदानबाट प्रति विद्यार्थी प्रतिदिन रु ५ को दरले जम्मा रू १ करोड ३३ लाख १७ हजार रुपैया निकासा गरिएको।

❖ माध्यमिक तहका प्रधानाध्यापकहरूसंग माध्यमिक शिक्षा परीक्षा (SEE)को र आधारभूत तहका प्रधानाध्यापकहरुसँग आधारभूत तह उतीर्ण परीक्षा (BLE) को नतिजा विश्लेषण, लक्ष्य निर्धारण गरी करार सम्झौता गरिएको र उक्त रणनीतिबाट गत वर्षको एसइइको नतिजामा २० प्रतिशतले बढोत्तरी भएको।

- शैक्षिक सत्र २०८२ मा संस्थागत विद्यालयहरूको कक्षा ११ मा जम्मा ४३८ जना विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरी सिफारिस पत्र प्रदान।
- आ.व. २०८१।८२ को प्रगति र चालु वर्षको शैक्षिक तथ्याङ्क संकलन गरी शैक्षिक बुलेटिन, २०८२ प्रकाशन।
- कक्षा ६ देखि कक्षा १२ सम्म अध्ययन गर्ने सामुदायिक विद्यालयका सबै छात्राहरूलाई निःशुल्क सेनेटरी प्याड वितरणको लागि मंसिर महिनासम्मको लागि विद्यालयमार्फत खरिद गरी वितरण गरिएको र सोभन्दा पछिको लागि महनगरपालिकाबाट खरिद गरी विद्यालयमार्फत् वितरण गर्ने प्रयोजनार्थ खरिद प्रक्रिया अगाडि बढिसकेको र बोलपत्रदाताले पेश गरेको नमुनाको प्रयोगशाला परीक्षणका लागि पठाइएको छ ।
- सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको वास्तविक संख्या पत्ता लगाइ विद्यार्थी लागतको आधारमा गरिने निकासालाई वास्तविक विद्यार्थी सङ्ख्यामा आधारित बनाउन सबै सामुदायिक विद्यालयहरूमा विद्यार्थी र अन्य विवरणहरूको सत्यापन (Verification) गरिएको। महानगरपालिकाभित्र निजी क्षेत्रद्वारा सञ्चालित ५३ वटा पुर्व प्राथमिक शिक्षण संस्थाहरूलाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गरी त्यस्ता संस्थाहरूलाई सो प्रणाली सञ्चालन सम्बन्धमा अभिमुखीकरण गरिएको।
- सबै विद्यालयहरूमा सूचना अधिकारी, गुनासो सुन्ने र लैगिक सम्पर्क शिक्षक तोकी सूचना प्रवाह, लैगिक उजुरी र गुनासोहरूको विद्यालयस्तरमा छानबिन र फस्यौंट गरिएको।
- महानगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरूमा कार्यरत ९६३ जना स्थायी शिक्षकहरूको शैक्षिक सत्र २०८१ को कार्यसम्पादन मूल्यांकन फारम संकलन र प्रमाणीकरण गरी शिक्षा विकास तथा समन्वय इकाइ, चितवनमा पठाइएको।
- विभिन्न तहमा रिक्त भएका स्वीकृत दरबन्दी, राहत अनुदान र युवा स्वयसेवक शिक्षक तथा विद्यालय कर्मचारीहरू गरी जम्मा २७ पदहरूमा पदपूर्तिका लागि अनुमति दिइएको।
- जटिल अपाङ्गता भई विद्यालय जान नसक्ने ७० जना बालबालिकाहरूलाई नजिकको विद्यालय मार्फत निजहरूको घर वा वासस्थानमा नै शैक्षिक परामर्श उपलब्ध गराउन निर्णय भइ कार्यान्वयन शुरू गरिएको ।
- सामुदायिक विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत करार शिक्षक, राहत अनुदानमा कार्यरत शिक्षक र विद्यालय कर्मचारीहरूको आ.व. २०८१।८२ को सम्पत्ति विवरण अनलाईन प्रविष्ट गरिएको ।
- माध्यमिक तह कक्षा ११ र १२ मा पठनपाठन हुने जीव शास्त्र, रसायन शास्त्र, भौतिक शास्त्र, कम्प्युटर विज्ञान र होटल व्यवस्थापन विषयको लागि तोकिएको पाठ्यक्रमको आधारमा विषयगत प्रयोगशालामा सबै विद्यालयहरूलमा न्युनतम मापदण्ड सुनिश्चित गर्न मापदण्ड तर्जुमा शुरू गरिएको।
- प्रज्ञा प्रतिष्ठानद्वारा प्रदान गरिने विभिन्न पुरस्कारको लागि कृति आह्वान, भरतपुर प्रज्ञा जर्नल र महानगर साहित्य दर्पण-५ प्रकाशनको लागि सम्पादन मण्डल गठन गरी रचना संकलन कार्य भैरहेको छ ।
- भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान ऐन २०७८, लाई संसोधन गर्न विधायन समितिमार्फत सिफारिस भइसकेको र कार्यपालिकाबाट अनुमोदन हुने प्रक्रियामा रहेको ।

⇨ <u>जनस्वास्थ्य प्रवर्द्धन तर्फ</u>

- मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधी उपचार बापत खर्च (मासिक रु.५०००।-) का दरले जम्मा रकम रु.१करोड ५१लाख १२ हजार ५ सय वितरण गरिएको।
- १८५ जना मुटुरोग, क्यान्सर, मृगौला रोग लगायत ८ वटा कडा रोग लागेका विपन्न नागरिकलाई उपचार सहुलियतका लागि सिफारिस गरिएको ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरु मार्फत ६ महिना देखि ५ वर्ष सम्मका बालबालिकाहरुलाई भिटामिन ए र १ वर्ष देखि ५ वर्ष सम्मका बालबालिकाहरुलाई जुकाको औषधी वितरण गरिएको ।
- करिब १५० जनाको सहभागितामा खोप, पोषण, सुरक्षित मातृत्व, क्षयरोग नियन्त्रण, कुष्ठरोग नियन्त्रण लगायतका स्वास्थ्य कार्यक्रम तथा आयुर्वेद कार्यक्रमहरुको समीक्षा तथा कार्ययोजना तयारी गरिएको ।
- महानगर अन्तर्गतका ४० वटा स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधि सामाग्री नियमित आपुर्ति गरिएको छ ।

⇨ <u>महिला बालबालिका तथा समाजकल्याणतर्फ</u>

- छोरी उमङ्ग जीवन बीमा अन्तर्गत ९१ जना छोरीहरुको बीमा बापत रु. ३,०२,७५७/- राष्ट्रिय बीमा कम्पनीलाई भुक्तानी गरिएको ।
- वडा नं २७ लाई बालमैत्री वडा घोषणा गर्न **पहिलो प्रेम नेपालको** आर्थिक सहयोगमा र वडा नं ८ लाई बालमैत्री वडा घोषणा गर्न महानगरपालिकाको वजेटबाट कार्य सञ्चालन गरिएको छ ।
- मध्यम अपाङ्गता भएका व्यक्तीहरुका लागि नि:शुल्क स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत २२ घरपरिवारका ११० जनाको बीमाको लागि रु ७७ हजार स्वास्थ्य बीमा वोर्डलाई भुक्तानी भएको ।
- लैङ्गिक हिंसा बिरुद्ध १६ दिने अभियान, लैङ्गिक हिंसाले पारेको मनोसामाजिक असर बारे सरकारी निकायमा कार्यरत कर्मचारीहरु, सुरक्षा निकायहरुमा कार्यरत कर्मचारीहरु र अन्य सरोकारवालाहरुसँग अन्तरक्रिया साथै चितवन सक्रीय समूह प्रतिष्ठानको सहकार्यमा एचाईभी संक्रमित व्यक्तीहरुसँग समस्या पहिचान तथा छलफल कार्यक्रम संञ्चालन गरिएको छ।
- उद्यम विकास कार्यक्रम वडा ११ मा शुरु भई वडा स्तरीय अभिमुखीकरण कार्यक्रम,धरधुरी सर्भेक्षण र ३५ जनालाई ८ दिनको उद्यमशीलता तालिम संञ्चालन गरिएको छ ।

⇨ <u>संघसस्था समन्वय तथा सामुदायिक परिचालन तर्फ</u>

- भरतपुर महानगरपालिकाको ७०% र गै.स.सको ३०% लागत साझेदारीमा कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हान भइसकेको छ ।
- परियोजना परामर्श नगर समितिको बैठक बसी ७ वटा संस्थाहरुलाई कार्य सञ्चालन स्वीकृत तथा समिक्षा गरिएको छ।
- १० लाख भन्दा कम रकम भएका ४ वटा संस्थालाई रु ३५ लाख ५० हजारको कार्य संञ्चालन गर्न स्वीकृती प्रदान गरिएको छ।
-

⇨ <u>सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फ</u>

- आ.व. २०८२।२०८३ मा जम्मा जन्मदर्ता ११६१ मध्ये महिला ५३२ र पुरुष ६२९ रहेको छ । मृत्य दर्ता ५७२ मध्ये महिला २४९ पुरुष ३२३ र जना रहेको छ भने विवाह दर्ता ६७५ वटा, सम्बन्ध विच्छेद १४९, बसाइसराइ आउने ७१० र बसाईंसरी जानेको सङ्ख्या ३२० रहेको छ ।
- चालु आ.व.को प्रथम त्रैमासिक सम्म २९ हजार ७६८ जना लाभग्राहीलाई जम्मा रु ३० करोड ४४ लाख ६२ हजार ६ सय ७४ रुपैया सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।
- पुराना हस्तलिखित ११ हजार ५६६ घटना दर्ता अभिलेखहरुको डिजिटाईजेशन गरिएको छ।

⇨ <u>कृषि तर्फ</u>

- आन्तरिक, संघीय तथा प्रदेशको विभिन्न कृषि विकास कार्यक्रमहरुको आवेदन माग सूचना प्रकाशन भएको छ ।
- रैथाने बाली कोदो, फापर खेति गर्ने कृषकलाई प्रति कठ्ठा रु. १०००/- अनुदान कार्यक्रमको लागि लाभग्राही छनौटको अन्तिम चरणमा रहेको छ ।
- बोरिङ्ग निर्माणमा अनुदान कार्यक्रम, आई.पि.एम. कृषक पाठशाला संचालन कार्यक्रम सूचना प्रकाशन गरी आवेदन संकलन भै लाभग्राही छनौटको प्रक्रियामा रहेको छ ।
- माटो स्वास्थ सुधार कार्यक्रम अन्तर्गत माटो परीक्षणको लागि माटोको नमुना संकलन भैरहेको छ ।

⇨ <u>पशुसेवा तर्फ</u>

- ✓ कृत्रिम गर्भाधान कार्यक्रम निरन्तर सञ्चालनमा छ ।
- ✓ आन्तरिक/वाह्य परजिवी नियन्त्रण ,मेडिकल,सर्जिकल उपचारका लागि औषधि तथा सामाग्रि खरिदका लागि बोलपत्र प्रकाशन भएको ।
- ✓ पशु सेवा तथा मत्स्य सम्वन्धि यन्त्रउपकरण खरिद कार्यको बोलपत्र मूल्याङ्कनको चरणमा रहेको छ ।
- ✓ कृषि तथा पशुपंक्षी र मत्स्य तथ्याङ्क अद्यावधिक गर्नका लागि गणक परिचालन गरिएको छ।

हालसम्म भएको कार्यक्रमका तथ्याङ्कीय विवरण

| क्र.सं. | कार्यक्रमहरु | ईकाई | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | कृत्रिम गर्भाधान कार्यक्रम | संख्या | १०४४० | |
| २ | मेडिकल उपचार | संख्या | १६१० | |
| ३ | गाईनोकोलोजिकल उपचार | संख्या | ३७७ | |
| ४ | सर्जिकल उपचार | संख्या | १४७ | |
| ५ | परजीवी नियन्त्रण | संख्या | ६९३३ | |
| ६ | खोप सेवा | संख्या | ४५४८ | रेविज नियन्त्रण २७४ सहित |
| ७ | प्रयोगशाला परीक्षण | संख्या | १४३२ | |
| ८ | सेवालिने संख्या | जना | ९९० | |

⇨ सहकारी तथा रोजगार प्रवर्धन तर्फ

१. सहकारी संस्थाहरुको माग र आवश्यकता बमोजिम विनियावली शंसोधनका लागी २० वटा संस्थालाई सैद्धान्तिक सहमती प्रदान गरिएको र ६ वटा संस्थाको विनियम शंसोधन स्वीकृत गरिएको ।

२. यस आ.व. को पहिलो त्रैमासिकमा मा २२ वटा सहकारी संस्थाहरुको अनुगमन सम्पन्न गरिएको ।

३. ३३३ वटा सहकारी संस्थाहरुलाइ COPOMIS विवरण अद्यावधिक गर्न PASSWORD वितरण गरीएको छ।

४. चालु आ.व.मा ६८ वटा सहकारी संस्थाले कार्यालयमा प्रतिवेदन पेश गरेका छन् ।

५. ९७वटा सहकारी संस्थाको खारेजीको लागि सूचना प्रकाशित भएकोमा यस आ.व. मा २९ वटा संस्था सम्पर्कमा आएका, पूनः सूचना प्रकाशित गर्न सरोकारवाला सहकारी संघहरु संग समन्वय भइरहेको ।

६. २ सहकारी संस्थाको कार्यालयको स्तान्तरणको लागि अनुमति प्रदान गरिएको ।

७. भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभाग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सहकारी नियमन प्रधिकरणमा परेका उजुरीहरुको छानविन गरी पत्राचार गरिएको, नयाँ संचालक समिति र पुराना संचालक समितिबिच भएको विवादमा परेका उजुरीहरुको वारेमा सरोकारवालाहरुलाई कार्यालयमा

उपस्थित गराई विवाद समाधान गरिएको साथै सहकारी पिडितबाट रकम फिर्ता गर्न परेका निवेदन अनुसार सरोकावाला सहकारी संस्थाका पदाधिकारीहरु संग छलफल गरि रकम फिर्ता गर्न निर्देशन गरिएको ।

८. सनराइज बचत तथा ऋण सहकारी संस्था भरतपुर ३ को आर्थिक हिनामिनाको लेखापरीक्षण गरेबापत लेखापरीक्षकलाई दिनुपर्ने रकमको लागि जिल्ला सहकारी संघ र राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई पत्राचार गरिएकोमा लेखापरीक्षकलाई लेखापरीक्षणबापत रकम भुक्तानी दिनु भन्ने व्यहोराको पत्र प्राप्त भएको छ।

⇨ <u>संस्कृति पर्यटन तथा सम्पदा संरक्षण तर्फ</u>

❖ स्थानीय पर्यटन प्रवर्द्धन र आय आर्जन वृद्धिका लागि होम स्टे संचालन तथा व्यवस्थापन ऐन २०८२ तयार भई विधायन समितिबाट कार्यपालिकामा पेश गरिएको छ।

❖ कृषि पर्यटन प्रवर्द्धन गर्न भरतपुर महानगरपालिका भित्रका कृषि तथा पशुपालनका अवलोकन योग्य स्थलहरुको नक्साङ्कन गर्न प्रत्येक वडाहरुबाट विवरण संकलन गर्ने कार्य भईरहेको छ।

⇨ <u>रोजगार सेवा केन्द्र तर्फ</u>

❖ २०८० बैशाख १ गते बाट सुरुवात भएको श्रम तथा पुनः श्रम स्वीकृति आबेदन कार्यलाई निरन्तरता दिदै २०८१ देखि २०८२ असार मसान्तसम्म जम्मा ८६० र यस चौमासिकमा जम्मा २४५ जना श्रमिकहरुको श्रम तथा पुनःश्रम स्वीकृति आबेदन कार्य सम्पन्न गरिएको छ ।

❖ वैदेशिक रोजगारको क्रममा मृत्यु हुनु भएका श्रमिकहरुको शब नेपाल झिकाउनको लागि विभाग र वोर्डसँग समन्वय गरी आवश्यक प्रक्रिया सुरु गरि घर सम्म शव ल्याउने कार्यलाई सहजीकरण गर्ने गरिएकोमा चालु आ.व. मा २ जनाको शव ल्याउन सहजीकरण गरिएको छ ।

❖ वैदेशिक रोजगारको क्रममा अपाङ्ग हुनु भएको र मृत्यु हुनु भएको श्रमिकहरुले पाउनुपर्ने आर्थिक सहयोगका लागि विभागसँग समन्वय गरी FEWIMS प्रणालीमा २ जनाको विवरण Entry गरिएको छ ।

❖ लक्षित वर्ग कार्यक्रम रोजगार सिर्जना अन्तर्गत ३५ ग्रुपका ७०० जनालाई बारिस्टा तालिम प्रदान गरिएको छ ।

❖ रोजगार शाखाबाट गरिएका कार्यहरुको जानकारी रोजगार समाचार मार्फत प्रदान गरिएको छ।

⇨ <u>जनशक्ति विकास तथा सुशासन तर्फ</u>

❖ १२ जना कर्मचारीहरुको नियमानुसार तह वृद्धि गरिएको छ ।

❖ १३० जना प्राविधिक तथा अप्राधिकि कर्मचारीहरुको सरुवा तथा कामकाजमा खटाइएको छ ।

❖ जेन्जी आन्दोलन पछि जलेर पुर्ण नष्ट भएको विद्युतीय हाजिरी प्रणाली पुनः सबै वडा तथा कार्यालयमा जडान गरी सञ्चालनमा ल्याइएको छ।

⇨ <u>न्यायिक समिति तर्फ</u>

❖ ३ वटा ऐन २ कार्यविधि र १ निर्देशिका  निर्माण भएको छ ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(२) अनुसार १ वटा र दफा ४७(१) अनुसार १ वटा गरी जम्मा २ वटा मुद्दा दर्ता भएको छ ।
- अन्य विविध ८ वटा मुद्दाहरुमा छलफलको लागि मेलमिलाप समितिमा पठाइएको ।
- विभिन्न महाशाखा/शाखा तथा वडा कार्यालयबाट माग भए बमोजिम विविध ५ शीर्षकमा कानूनी राय प्रदान गरिएको ।
- महानगरपालिका तथा वडा कार्यालय समेतका विरुद्धमा दायर भएका विभिन्न प्रकृतिका-३ वटा मुद्दाहरुको कानूनी रुपमा प्रतिवाद गरिएको तथा १७ वटा मुद्दाहरुमा आवश्यक कागज प्रमाण पेश गरिएको ।

⇨ <u>शासकीय सुधार इकाई/उपभोक्ता हित संरक्षण शाखा</u>

- फछ्र्यौट तथा जबाफ पठाइएका उजुरी संख्या — १०
- इमेलबाट प्राप्त उजुरी, उजुरी पेटीकामा परेको उजुरी, सेवाग्राही उपस्थित भई दिएको उजुरी तथा गुनासाहरुको संख्या — ७ (सात) (सबै फछ्र्यौट भएको)
- हेल्लो सरकारबाट प्राप्त उजुरी — १८ (अठार) (सबै फछ्र्यौट भएको)
- आ.व.२०८१/८२ को तेस्रो चौमासिकको सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न (महानगर तथा वडा कार्यालयहरुको)
- संयुक्त बजार अनुगमन — २९(उनन्तिस) (पसल, व्यवसाय)

⇨ <u>आन्तरिक व्यवस्थापन तथा जिन्सीतर्फ</u>

- ३९६ वटा व्यावसायिक कम्पनी तथा फर्म सूचीकृत गरिएको छ।
- जेन-जी आन्दोलनमा क्षति भइ मिनाहा गर्नुपर्ने सामग्रीहरु मिनाहाका लागि जिल्ला सिफारिस समितिमा सिफारिस गरी पठाइएको छ।
- जेन-जी आन्दोलनमा क्षति भइ लिलाम बिक्री गर्नुपर्ने सवारी साधनहरुको दर्ता खारेजी प्रकृया सम्पन्न गरिएको छ।
- जेन-जी आन्दोलनमा क्षति भएका र पूर्ण बीमा (Full Insurance) गरिएका सवारी साधनहरुको बीमा दाबी गरिएको छ।
- दुइ पाँग्रे ९ थान र चारपाँग्रे सवारी साधन ४ थान तथा हेभी इक्वीपमेन्ट २ थान खरिदको लागि बोलपत्र आह्वान भएको छ।
- सबै वडा कार्यालयहरुमा जिन्सी व्यवस्थापनका लागि अनिवार्य रुपमा PAMS सफ्टवेयर लागू गरी कार्यान्वयनमा ल्याइएको छ ।

⇨ <u>नगर प्रहरी व्यवस्थापन तर्फ</u>

- नगर प्रहरीले फुटपाथ व्यवस्थापन,नारायणी नदी किनार र बसपार्कहरूमा राजस्व संकलन अम्ब्रेला स्ट्रिट, क्रिकेट रंगशाला, दियालो बंगला संग्रहालयको सुरक्षाको जिम्मेवारी र मापदण्ड विपरितका संरचना हटाउने साथै केरुङ्गा र पुंगी खोला सीमाङ्कन कार्यमा सहयोग गरेको छ।
- नगरप्रहरीमा रिक्त रहेका ७ जना कर्मचारी पदपूर्ति प्रक्रिया जारी रहेको छ ।

Pandit

⇨ <u>योजना तथा बजेट तर्फ</u>

❖ ७ वटा नगरस्तरीय योजनाहरु उपभोक्ता समितिमार्फत गर्नेगरी सम्झौता भएका छन् ।

❖ ३० वटा नगरस्तरीय विभिन्न योजनाहरु अनुगमन गरी भुक्तानीको लागि सिफारीस भएका छन् ।

⇨ <u>सूचना तथा सञ्चार प्रविधितर्फ</u>

❖ गत भदौ २३ र २४ गतेको जेन्जि आन्दोलनबाट नष्ट र क्षतविक्षत भएका इन्टरनेट टेलिफोन लगायतको सेवा पूर्ण रुपमा व्यवस्थापन गरिएको ।

⇨ <u>खरिद इकाईतर्फ</u>

❖ आ.व. २०८२/८३ देखि EGP System मा प्रकाशित बोलपत्र/दरभाउपत्र सूचना संख्या -६० मध्ये १२ वटा सम्झौता भएको छ भने बाँकी २५ वटा मूल्याङ्कन तथा सम्झौताको चरणमा रहेका छन्।

⇨ <u>भवन तथा भवन संहिता एवं निर्माण इजाजत (डिजाइन समेत)तर्फ</u>

❖ नयाँ नक्सा पास (नयाँ र तला थप)- १७३

❖ निर्माण सम्पन्न संख्या — ४३५

❖ नक्सा नामसरी — ९१

❖ प्रतिलिपी लगेको — ३०

❖ संशोधन (नक्सा) — १९

❖ कित्ता संशोधन — ९

❖ नक्सा दर्ता — १६२

❖ भरतपुर महानगरपालिका नक्सापास तथा अभिलेखीकरणबाट ३ करोड ९८ लाख राजस्व संकलन भएको छ ।

⇨ <u>विपद व्यवस्थापन तर्फ</u>

- २६ वटा आगलागीका घटनाहरु वारुणयन्त्रद्वारा नियन्त्रण गरिएको छ।
- नियमित विपत् सञ्चार सन्देश प्रवाह गरिएको छ।

⇨ **सरसफाई तथा हरियाली प्रवर्द्धन शाखा**

महानगरका विभिन्न वडाहरुमा ३४९ वटा कम्पोस्ट रिङ च्याम्बर वितरण गरिएको छ।

- महानगर भित्र जथाभावि फोहोर फाल्ने व्यक्ति वा संस्थालाई पहिलोपटकका लागि रु. ५०० र अन्य फोहोरको प्रकृति र जटिलता हेरी रु १००० सम्म जरिवाना गरिएको र हालसम्म ४५०० जरिवाना संकलन भएको छ।
- नारायणी नदी किनार, राप्ती नदी किनार लगायत सार्वजनिक स्थलहरुमा सरसफाई अभियान सञ्चालन गरिएको छ।

- GEN Z आन्दोलनका क्रममा भएको आगलागि तोडफोडका कारण नष्ट भएका सबै कोठाहरुको सरसफाई, रङरोगन कार्यका लागि सरसफाइकर्मी, माली र पेन्टर परिचालन गरिएको छ।
- ११ हजार बिरुवा रोप्न E-bidding भइ ५००० विरुवा रोपण भएको र बाँकी स्थानमा वृक्षारोपण कार्य निरन्तर भैरहेको छ।
- महानगरपालिकाका २९ वटै वडामा आँप, लिचि, एभोकाडो, कटहर लगायतका फलफूलका विरुवाहरु वितरण गरिएको छ।
- जिल्ला वन कार्यालयबाट प्राप्त विरुवाहरु आवश्यकताका आधारमा रोपण तथा वितरण गरिएको छ।
- महानगरपालिकाको नर्सरी निर्माण कार्य भैरहेको छ।
- मौसमी फूलका बिरुवामा सयपत्री फूल रोपण गरिएको र विरुवाहरुको नियमित गोडमेल मलजल गर्ने गरिएको छ।
- Six lane सडक खण्ड बाइपास सडक खण्डमा विरुवाहरु मरेको स्थानमा पुन: वृक्षारोपण गरिएको छ।

⇨ <u>राजस्व तर्फ</u>

- आ.व २०८२/०८३ का लागि आन्तरिक तर्फ १ अर्ब ६५ करोड १५ लाख रुपैया प्रक्षेपण गरिएकोमा हालसम्म ५४ करोड ७९ लाख ८७ हजार ३ सय ८९ रुपैंया राजश्व संकलन भएको छ जुन कुल अनुमानको करिब ३३.१८% हो ।
- राजश्व बाँडफाँड रकम मध्ये १ अरब ३३ करोड ८० लाख ४१ हजार प्रक्षेपण गरिएकोमा हालसम्म रु २३ करोड ७६ लाख ४९ हजार ९ सय ६६ पैसा ३३ प्राप्त भएको छ जुन कुल प्रक्षेपणको **१७.७६ प्रतिशत** हो ।
- आ. व. २०८२/८३ मा अनुमानित आय रु ५ अर्ब १९ करोड ७१ लाख ६६ हजार मध्ये संघीय सरकार वित्तीय हस्तान्तरणबाट २ अर्व ३६ लाख रुपैया प्रस्ताव गरिएकोमा हाल ९४ करोड ८९ लाख वास्तविक आय भएको छ जुन लक्ष्यको तुलनामा ४७.३६ प्रतिशत हो ।
- आ. व. २०८२/८३ मा प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट १५ करोड ४० लाख २५ हजार रुपैया प्रस्ताव गरिएकोमा – हाल ३ करोड १३ लाख ८१ हजार २ सय ५० रुपैया वास्तविक आय भएको छ जुन लक्ष्यको तुलनामा २०.३७ प्रतिशत हो ।

⇨ <u>बजेट कार्यान्वयन तर्फ</u>

- आ. व. २०८२/८३ मा अनुमानित व्यय रु. ५ अर्ब १९ करोड ७१ लाख ६६ हजार मध्ये जम्मा रु. ८९ करोड ६४ हजार ७ सय ९८ पैसा ३४ खर्च भएको छ। जुन समग्र बजेटको **१७.१२ प्रतिशत प्रगति** हो ।
- चालु बजेट तर्फ रु २ अर्ब ६१ करोड ७८ लाख १८ हजार ८८१ रुपैयाँ विनियोजित भएकोमा पहिलो चौमासिकको अवधि सम्ममा ६५ करोड ४४ लाख २९ हजार ६३ रुपैया पैसा ३४ खर्च भएको छ । जुन चालु तर्फको समग्र बजेटको २५ प्रतिशत प्रगति हो।

❖ पुँजिगत बजेट तर्फ २ अर्ब ५७ करोड ८८ लाख ९७ हजार १ सय १९ रुपैयाँ विनियोजन भएकोमा पहिलो चौमासिक अवधि सम्ममा २३ करोड ५६ लाख ३५ हजार ७ सय ३५ खर्च भएको छ । जुन समग्र पुँजिगत बजेटको ९.१४ प्रतिशत प्रगति हो ।

८. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

- कार्यालय प्रमुखः लक्ष्मी प्रसाद पौडेल, प्रमुख प्रशासकीय अधिकृत (रा. प. प्रथम, सहसचिव)
- सम्पर्क नं. ९८५२८३५७५४

सूचना अधिकारी: मेनका पण्डित, शाखा अधिकृत

सम्पर्क नं. ९८५५०९२२०१

९. ऐन, नियम, विनियम वा निर्देशनको सूचीः

यस त्रैमासिकमा ऐन ३ वटा कार्यविधि २ वटा र निर्देशिका १ वटा पारित गरिएको ।

१०. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण

आन्तरिक आय:२६,८६,६६,०३९।१०

मिति २०८२।७।१ देखी २०८२ पौष मसान्तसम्म विभिन्न शिर्षकमा संकलन भएको राजश्व जम्मा रु ।

व्यय विवरण :

२०८२ असार मसान्त सम्मको खर्च विवरण

| विनियोजित रकम | बार्षिक बजेट (रु हजारमा) | खर्च रकम (रु हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|
| १ चालुतर्फ | २,६१,२३,६८,८८१। | ८६,०५,९५,५१८।५६ | ३२.९४ |

| | | | |
|---|---|---|---|
| २ पूँजिगततर्फ | २,५८,४३,४७,११९। | ४०,३१,७३,४६८। | १५.६० |
| जम्मा | ५,१९,६७,१६,०००। | १,२६,३७,६८,९८६।५६ | २४.३३ |

**११. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषय:**

| क्र स | सूचना माग गर्नेको विवरण | सूचना माग विवरण | दर्ता मिति | दर्ता नं. | कार्वान्वयनको अवस्था |
|---|---|---|---|---|---|
| १ | जनेश ठकुल्ला | आ. व ०८२/०८३ चालु र पुँजीगततर्फको बिनियोजित बजेट राजश्व विवरण लगायतका विवरण माग | २०८२/०९/२० | ७३०२ | उपलब्ध गराइएको |